# गोरखा नगरपालिका
# GORKHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
Dumrefaata, Gorkha

पत्र संख्या (Reference No.) ०७६।०७७
चलानी नं. (Dispatch No.) २६९४

☎: 064-420269
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

मिति: २०७७।०३।१७

श्री सबै विद्यालय,
गोरखा नगरपालिका, गोरखा।

विषय :- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा गोरखा नगरपालिका अन्तरगत विभिन्न सामुदायिक विद्यालयहरुको खातामा जेठ र असार महिनाको शिक्षक, बाल विकास शिक्षक र कर्मचारीहरुको तलब भत्ता, शैक्षिक सत्र २०७७ का लागि गैर आवासीय छात्रवृत्ति, बत्ती पानी र आधारभूत सरसफाईका लागि वार्षिक अनुदान, तेस्रो त्रैमासिक परीक्षा व्यवस्थापन अनुदान र विशेष तथा साधारण तर्फको नमुना विद्यालय व्यवस्थापन अनुदान यसैसाथ संलग्न छ। आफ्नो विद्यालयको निकासा रकम बारे जानकारी लिई केही फरक परेको भए यथासक्य छिटो शिक्षा शाखामा सम्पर्क राख्न अनुरोध छ।

पूनश्चः

1. गोरखा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुले शै स २०७७ का लागि खरिद गरिएको पाठ्य पुस्तकको विलको प्रमाणीत प्रतिलिपि सहित रकम पुग नपुगको अवस्था बारेको निवेदन २०७७।०३।२१ गते भित्र शिक्षा शाखामा बुझाउनु हुन।
2. गोरखा नगरपालिका भित्रका सबै विद्यालयहरु (सामुदायिक, संस्थागत र धार्मिक) ले एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) बाट आफ्नो विद्यालयको iemis file Download गरी (View Excel बाट) शै स २०७६ को सम्पूर्ण तथ्याङ्क भरेर (Update) सोही File यथासक्य छिटो Upload गर्नु हुन साथै प्राविधिक सहयोगको लागि शाखामा सम्पर्क राख्नु हुन।
3. गोरखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा सञ्चालित आ व २०७६।७७ का शैक्षिक तथा भौतिक कार्यक्रमहरुको भुक्तानी लिन बाँकी विद्यालयहरुले आवश्यक कागजात सहित २०७७।०३।२५ गते भित्र यस कार्यालयमा सम्पर्क राख्नु हुन।

प्रमुख प्रशासकीय अधिकृत